# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (८), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, माघ ०२ गते २०८१ साल,**

**सङ्ख्या १३**

## भाग-२

**सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली र कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (छैटौँ संशोधन) नियमावली , २०८१

कार्यपालिकाबाट स्वीकृत मिति – २०८१/०९/२९

**प्रस्तावना :** सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नियमावली २०७६ लाई संशोधन गर्न बाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले देहाय बमोजिमको नियमावली बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो नियमावलीको नाम **सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (छैटौँ संशोधन) नियमावली २०८१ हुनेछ ।**

(२) यो नियमावली कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:**

(क) "मूल नियमावली" भन्नाले "सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नियमावली २०७६" लाई जनाउनेछ ।

**३. मूल नियमावलीको परिच्छेद ९ को नियम ५७ को उपनियम( ३ क) हटाइएको छ ।**

# सूर्योदय नगरपालिकाको कर्मचारी तह वृद्धि तथा बढुवा सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१।०९।२९

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको कर्मचारी तह वृद्धि बढुवा सम्बन्धी कार्यविधि, २०८१ लाइ परिमार्जन तथा संशोधन गर्दै समयानुकूल र गतिशील बनाउन वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले सूर्योदय नगरपालिकाको कर्मचारी तह वृद्धि तथा बढुवा सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०८१ बनाइ लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको कर्मचारी तह वृद्धि तथा बढुवा सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. दफा ५ मा संशोधन:** मूल कार्यविधिको दफा ५ मा उपदफा (१) देहायबमोजिम थप गरिएको छ:

(१) तह वृद्धि तथा बढुवाको सिफारिस समितिको कुनै पनि सदस्य आफैँ तह वृद्धि वा बढुवाको उम्मेदवार हुने भएमा निजको स्थानमा कार्यालयको ज्येष्ठ सदस्य स्वत: सिफारिस समितिको सदस्य हुनेछ।

**सूर्योदय नगरपालिकाको रोजगार व्यवस्थापन सम्वन्धी (पहिलो संशोधन), कार्यविधि २०८१ (मस्यौदा)**

कार्यपालिकाबाट स्वीकृत मिति २०८१।०९।२९

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको रोजगार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले सूर्योदय नगरपालिकाको रोजगार व्यवस्थापन सम्वन्धी २०८१ (पहिलो संशोधन), कार्यविधि २०८१ बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम " सूर्योदय नगरपालिकाको रोजगार व्यवस्थापन सम्वन्धी २०८१ (पहिलो संशोधन), कार्यविधि २०८१ " हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "मूल कार्यविधि" भन्नाले " सूर्योदय नगरपालिकाको रोजगार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" लाई जनाउनेछ।

**३.** मूल कार्यविधिमा परिच्छेद ८ थप गरिएको छ ।

परिच्छेद ८ मा देहायका व्यवस्थाहरू रहेका छन् :

**प्रशिक्षकको योग्यता र सेवा सुविधा**

प्रशिक्षकको योग्यता र सेवा सुविधा (१) सीप मूलक तालिममा प्रशिक्षण गराउने प्रशिक्षकको योग्यता देहायबमोजिम हुनुपर्नेछ:

| **S. N.** | **Key Experts** | **Minimum Qualification** | सेवा सुविधा |
|---|---|---|---|
| 1. | Main Trainer | Short Term Training Level-II/TSLC with ToT (General/Instructor/Occupational) from TITI in the relevant occupation/subject.<br>1. In the trades/occupations like Road Repair and Maintenance, Carpentry, Masonry (brick and stone masonry), Plumbing and | **नगर दररेटमा उल्लेख भएको विज्ञ सब-इन्जिनियरले प्राप्त गर्ने पारिश्रमिक वा सो सरह** |

| | | | |
|---|---|---|---|
| | | Electrical Repairs, if no Level-II is available in academic program, Level-I with ToT (General/Instructor/Occupational) from TITI and one year experience will be taken as minimum qualification). | |
| 2. | Co-trainer | Short Term Training Level-I or TSLC in the relevant occupation/subject. | |
| 3. | Main Trainer or life skills (unless either of the above are qualified to deliver life skills as well) | +2 or equivalent, at least 5 years of general work experience, has received TOT for life skills and conducted at least two life skills sessions. | |
| **Support Staff (Non-Key Human Resource)** | | | |
| 3. | Training Coordinator | +2 or equivalent | **नगर दररेटमा उल्लेख भएको विज्ञ सब-इन्जिनियरले प्राप्त गर्ने पारिश्रमिक वा सो सरह** |
| 4. | Monitoring Officer | +2 or equivalent | |

आज्ञाले
अमृत बहादुर राई
नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत